फोन: ०५७-६९००६६
info@bhimphedimun.gov.np
bhimphedi.rm@gmail.com
www.bhimphedimun.gov.np

# भीमफेदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

भीमफेदी, मकवानपुर

बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०८२।०८३ चलानी नं.

मिति: २०८२/११/११

प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/११/११ गते

## स्थानीय तहको ३० प्रतिशत लागत साझेदारीमा गुन्द्रुक उत्पादन तथा प्रशोधन उद्योग स्थापना (मकवानपुर-भीमफेदी गा.पा) कार्यक्रम सञ्चालन सम्बन्धी सूचना।

प्रस्तुत विषयमा भीमफेदी गाउँपालिकाको आ.व. २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश सशर्त कृषि विकास कार्यक्रम तर्फ स्थानीय तहको ३० प्रतिशत लागत साझेदारीमा गुन्द्रुक उत्पादन तथा प्रशोधन उद्योग स्थापना (मकवानपुर-भीमफेदी गा.पा) कार्यक्रम **"स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" समेत बमोजिम सञ्चालन गर्नुपर्ने भएकोले यस भीमफेदी गाउँपालिका भित्रका ईच्छुक सार्वजनिक निकाय, संघ/संस्था, प्राविधिक शिक्षालय, सामुदायिक विद्यालय, कृषि सहकारीहरुलाई कार्यक्रममा सहभागिताको लागि यो** सूचना प्रकाशित भएको २१ औं दिन अर्थात मिति २०८२/१२/०१ गते कार्यालय समय भित्र माग भएको आवश्यक कागजात सहित यस कार्यालयको कृषि विकास शाखामा आवेदन दर्ता गर्नुहुन सूचित गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त भएका निवेदनहरु उक्त कार्यक्रममा छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल:

| क.स | कार्यक्रमको नाम | विनियोजित रकम(रु. हजारमा) | प्रस्तावकको लागत सहभागिता अंश | कैफियत |
|---|---|---|---|---|
| १. | स्थानीय तहको ३० प्रतिशत लागत साझेदारीमा गुन्द्रुक उत्पादन तथा प्रशोधन उद्योग स्थापना (मकवानपुर-भीमफेदी गा.पा) | १०००० | २० % | "स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" समेत बमोजिम |

निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:

१. प्रशोधन उद्योग स्थापनाको उद्धेश्य, आवश्यकता र अपेक्षित सहयोग स्पष्ट उल्लेख गरि सम्पर्क नं. सहितको निवदेन,
२. परियोजनाको संक्षिप्त प्रस्ताव र समावेश हुनुपर्ने बुँदाहरु - परियोजनाको पृष्टभूमि र औचित्य, उद्धेश्य(आयआर्जन, रोजगारी, स्थानीय उत्पादन), कार्ययोजना(निर्माण, उपकरण, खरिद, सञ्चालन), कार्यान्वयन समयावधि, अपेक्षित उपलव्धी/नतिजा, दिगोपन योजना(सञ्चालन कसरी गर्ने),
३. प्रस्तावक संघ संस्था/कृषि सहकारीहरुको परिचय खुल्ने कागजात तथा दर्ता, नविकरण, कर चुक्ता, स्थायी लेखा नं प्रमाण पत्र तथा विधानको प्रतिलिपि,
४. कार्यक्रम माग गर्ने संस्थाको बैठकको निर्णय प्रतिलिपि तथा सञ्चालक समिति/व्यवस्थापन समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणीत प्रतिलिपि,

☎: ०५७-४१००५५
🖹: info@bhimphedimun.gov.np
🖹: bhimphedi.rm@gmail.com
www.bhimphedimun.gov.np

# भीमफेदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

भीमफेदी, मकवानपुर

बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०८२।०८३ चलानी नं.

मिति: २०८२/११/११

५. संघ संस्था/प्राविधिक शिक्षालय/सामुदायिक विद्यालय/कृषि सहकारीहरुको हकमा नियमित रुपमा वार्षिक साधारण सभा गरेको हुनुपर्ने साथै आधार खुल्ने निर्णयको प्रतिलिपिहरु,

६. संघ संस्था/कृषि सहकारी को हकमा गत आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन,

७. प्रशोधन केन्द्र निर्माण हुने स्थल कम्तिमा ३० मिटर लम्बाई र १८ मिटर चौडाई भएको मिलेको जग्गा हुनुपर्नेछ जस्मा उद्योग संग सम्बन्धित क्रियकलापहरु सञ्चालन गर्न सहज हुने किसिमको र कुल क्षेत्रफल कम्तिमा ( ५४० वर्ग मिटर, ३२ धुर, १.०७ रोपनी हुनुपर्नेछ, प्रस्तावक संस्थाको नाममा दर्ता भएको जग्गा धनि दर्ता प्रमाण पूर्जाको प्रमाणित प्रतिलिपि समावेश गर्नुपर्नेछ,

८. उक्त क्षेत्रमा प्रशोधन उद्योगका लागि आवश्यक पर्ने जग्गामा सडक, विधुत, खानेपानी आदिको सहज पहुँच भएको जग्गा हुनुपर्नेछ (सो को विवरण पेश गर्नुपर्नेछ)

९. विगतमा सोही प्रकृतिको कार्यक्रमको पूर्व अनुभव भएमा सो को प्रमाणपत्रहरु,

१०. बैंक खाताको प्रमाणित प्रतिलिपि,

११. विस प्रतिशत लागत सहभागिता व्यहोर्ने प्रतिवद्धता सहितको संचालक समिति/कार्य समिति/व्यवस्थापन समितिको निर्णयहरु,

१२. स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को अनुसूची-६ वमोजिमको स्वघोषणा पत्र।

<u>थप जानकारीका लागी:</u>

<u>कृषि विकास शाखा:</u>

उज्ज्वल राना मगर : ९८६५५००५९६, महेश कुमाई : ९८६८९२७१२६

२०८२।११।११
चेतनाथ न्यौपाने
(प्रमुख प्रशासकीय अधिकृत)

बोधार्थ:-

**श्री सुचना प्रविधि शाखा** - वेवसाईटमा राखिदिनुहुन ।

**श्री सबै वडा कार्यालयहरु** - सूचना टाँस गरि कार्यक्रम कार्यान्वयनमा सहजिकरण गरिदिनुहुन ।

**श्री वडा प्राविधकहरु** - आवश्यक समन्वय गरिदिनुहुन ।